# ललितपुर महानगरपालिका
ललितपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पुल्चोक, ललितपुर ३ नं. प्रदेश, नेपाल

मिति :- २०७६/०९/१४

च.नं. ३२

प.सं. ०७६/०७७

श्री सहकारी सस्थाहरु सबै

ल पु म न पा कार्य क्षेत्रभएका।

बिषय :- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सस्थालाई जारी गरिएको निर्देशन २०७४ कार्यान्वयन र प्रतिवेदन पठाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा सहकारी विभागको पं.स. ०७६।७७ च.नं. ७७५ मिति २०७६।८।१८ को पत्र अनुसार सम्पत्ति शुद्धीकरण विवरण सम्बन्धी सहकारी संघ सस्थालाई जारी गरिएको निर्देशन, २०७४ (पहिलो संसोधन समेतमा) भएका सवै व्यवस्थाहरु अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्ने भएकोले आ-आफ्नो सस्थाबाट उक्त निर्देशन पालना गर्न र मुलभुत रुपमा उल्लेखित बिषयहरु तत्काल कार्यान्वयन गर्न आदेशानुसार अनुरोध गरिएको छ ।

१ निर्देशनको दफा २४ बमोजिम कार्यान्वयन अधिकारी (कम्प्लाइन अफिसर) नियुक्ती गर्ने र निजको नाम, ठेगाना, योग्यता र सम्पर्क न. इमेल लगायतको विवरण सहितको नियुक्तीको जानकारी यस महानगरपालिकाको सहकारी शाखा, वित्तिय जानकारी इकाइ र सहकारी विभागमा उपलव्ध गराउने ।

२ निर्देशनको दफा २७ बमोजिम सम्पत्ति शुद्धीकरण ऐन, नियमावली र जारी निर्देशन वमोजिम सम्पादन गर्नुपर्ने कार्यहरुको प्रभावकारी सम्पादनका लागि प्रत्येक सहकारी सस्थाले आन्तरिक नीति तथा कार्यविधि तर्जुमा गरी साधारण सभाबाट पारित गराई लागु गर्ने ।

३ निर्देशनको दफा १९ बमोजिम सीमा कारोवारको प्रतिवेदन (TTR) कारोवार सम्पन्न भएको मितिले १५ दिन भित्र निर्देशनको अनुसूची ४ को ढाँचामा नेपाल राष्ट्र बैक वित्तिय जानकारी इकाईमा पठाउने ।

४ निर्देशनको दफा २० बमोजिम (शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन (STR) अनुसूची ५ को ढाँचामा तयार गरी करोवार भएको ३ दिन भित्र वित्तिय जानकारी इकाई पठाउने ।

५ निर्देशनको दफा ३ बमोजिम सदस्य पहिचान तथा सम्पुष्टि (KYM) अधावधिक गरी राख्ने ।

# ललितपुर महानगरपालिका

ललितपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पुल्चोक, ललितपुर ३ नं. प्रदेश, नेपाल

५.५०८६।८८ -प.न 32

६ निर्देशनको दफा १३ बमोजिम जोखिम पहिचान, मुल्याँकन, वर्गीकरण तथा व्यवस्थापन गर्ने ।

७ निर्देशनको दफा ८ बमोजिम उच्च पदस्थापन व्यक्तिको पहिचान तथा जोखिम व्यवस्थापन गर्ने ।

८ निर्देशनको दफा १० बमोजिम वास्तविक धनीको पहिचान गर्ने उपाय अवलम्वन गर्ने ।

९ निर्देशनको दफा १५ बमोजिम सीमा कारोवारको श्रोत खुलासा लिने ।

१०निर्देशनको दफा २८ बमोजिम सम्पादन गरेका कार्यहरुको चौमासिक प्रतिवेदन अनुसूची -६ को ढाँचामा चौमासिक अवधि व्यतित भएको ७ दिन भित्र यस महानगरपालिकाको सहकारी शाखामा पठाउने ।

११सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ र नियमावली २०७३ साथै जारी निर्देशन २०७४ पूर्णरुपमा पालना गर्ने ।

पुनश्च : सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारि गरिएको निर्देशन २०७४ सहकारी विभागको वेभ साइट www.deoc.gov.np मा हेर्न र डाउनलोड गर्न सकिने छ साथै सहजीकरणको लागि ललितपुर महानगर पालिका सहकारी शाखामा सम्पर्क गर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

<u>वोधार्थ</u>

श्री सहकारी विभाग

नयाँ वानेश्वर काठमाण्डो ।

(चन्द्रलाल डंगोल)

शाखा प्रमुख

सहकारी शाखा

## सहकारी संस्थाहरूको बार्षिक विवरण बुझाउदाको Check List

१। नविकरण गरिएको ब्यवसाय दर्ता प्रमाण पत्रको फोटोकपि ।

२। कर चुक्ता प्रमाण पत्रको फोटोकपी

३। पारित भएका प्रतिवेदनहरू (अध्यक्षको प्रतिवेदन, कोषाध्यक्षको प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन, लेखा सुपरिवेक्षण संयोजकको प्रतिवेदन र अन्य प्रतिवेदन भए सो समेत)

४। कम्तीमा ५१ प्रतिशत साधारण सदस्यहरूको उपस्थिती र साधारण सभाबाट माइन्युट प्रमाणितका लागि चुनिएका सदस्यहरूबाट प्रमाणित भएको साधारण सभाको माइन्युटको प्रमाणित छायाप्रति । (माइन्युट प्रमाणितका लागि चुनिने सदस्य संख्या कार्य समितिका पदाधिकारीहरूको संख्या भन्दा कम्तीमा १ जना बढी हुनु पर्ने ।

५। साधारण सभाबाट नयां कार्यसमिति चुनिएको भए तोकिएको ढाचामा नया पदाधिकारीहरूको तीन पुस्ते र फोटो सहितको विवरण र नागरिकता प्रमाण पत्रको फोटोकपि ।

६। सहकारी शाखाबाट उपलब्ध हुने बार्षिक विवरण साथ पेश गर्नु पर्ने फाराम ।

७। ललितपुर महानगरपालिका, सहकारी शाखालाई सम्बोधन गरि बार्षिक विवरण बुझाएको विषय भएको संस्थाको लेटर प्याडमा आधिकारीक हस्ताक्षर सहितको पत्र ।

८। आवस्यक भएमा अन्य कागजातहरू ।

### सामान्यतया साधारण सभाबाट पारित हुनु पर्ने निर्णयहरू

१। सदस्यता नं. सहित सबै सदस्यको नाम उल्लेख गरि साधारण सभामा उपस्थित कम्तीमा ५१ प्रतिशत सदस्य लगायत उपस्थित सबैको उपस्थिति ।

२। अध्यक्षको प्रतिवेदन, कोषाध्यक्षको प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन, लेखा सुपरिवेक्षण संयोजकको प्रतिवेदन र अन्य प्रतिवेदन भए सो समेत पारित भएको उल्लेख हुनु पर्ने ।

३। कार्य समिति लगायत अन्य समितिहरू चयन गरिएको भए सो को निर्णय ।

४। चालु आ.व.को लेखा परिक्षणका लागि लेखा परिक्षकको नाम तोकिएको र निजको पारिश्रमिक समेत उल्लेख भएको निर्णय ।

५। संस्थाको विनियम लगायत अन्य नीति तथा नियमहरू संशोधन वा निर्माण गर्नु पर्ने भएमा सो को निर्णय । (तीन महिना भित्र)

६। माइन्युट प्रमाणितका लागि चुनिएका सदस्यहरूको नामावली सदस्यता नं. समेत उल्लेख भएको हुनुपर्ने।

७ संस्थाले आवश्यक ठानी गरिएका अन्य निर्णयहरू ।

८। माइन्युटको सबै पानाको शिर पुच्छारमा संचालक समितिका पदाधिकारी र साधारण सभाबाट माइन्युट प्रमाणितका लागि चुनिएका सदस्यहरू सबैले हस्ताक्षर गरि प्रमाणित गरिएको हुनु पर्ने ।

९। संस्थाको विनियम र प्रचलित कानूनको प्रतिकूल हुने गरि कुनै निर्णय गरिएको हुनु हुदैन ।

## सहकारी संस्थाहरुको बार्षिक विवरण साथ पेश गर्नु पर्ने फाराम

फाइल नं.........

| सि.नं. | विवरण | |
|---|---|---|
| १ | संस्थाको नाम र ठेगाना | ...................................<br>...................................<br>...................................<br>................................... |
| २ | दर्ता नं. र दर्ता मिति | |
| ३ | मुख्य कारोवारहरु | १........................<br>२........................<br>३........................<br>४........................ |
| ४ | सम्पर्क नं. | |
| ५ | कुल सदस्य संख्या | महिला ......<br>पुरुष..........<br>जम्मा.......... |
| ६ | संचालक संख्या | महिला ......<br>पुरुष..........<br>जम्मा.......... |
| ७ | कर्मचारी संख्या | महिला ......<br>पुरुष..........<br>जम्मा.......... |
| ८ | शेयर पुँजी रु. | |
| ९ | खुद नाफा रु. | |
| १० | स्थिर सम्पत्ति रु. | |
| ११ | कुल सम्पत्ति रु. | |
| १२ | घर बहाल र व्यवसायिक कर (वडा वा महानगर) रु. | |
| १३ | कोष रकम रु. | |
| १४ | बचत संकलन रु. | |
| १५ | रिण लिएको रु. | |
| १६ | रिण लगानी रु. | |
| १७ | अनुदान पाएको रकम रु. | |
| १८ | अन्य लगानी रु. | |
| १९ | जम्मा आम्दानी रु. | |
| २० | जम्मा खर्च रु. | |
| २१ | गत बर्षको विवरण बुझाएको | छ........<br>छैन...... |
| २२ | लेखा परिक्षकको नामथर र दर्ता प्र.प.नं. | |

### संचालक समितिको विवरण

संचालक समिति चयन भएको मिति:...................................

| सि.नं. | संचालकको नाम थर | पद | सम्पर्क नं. | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| | | | | |
| | | | | |

| सि.नं. | लेखा समितिको नाम थर | पद | सम्पर्क नं. | |
|---|---|---|---|---|
| १ | | संयोजक | | |
| २ | | सदस्य | | |
| ३ | | सदस्य | | |
| | | | | |
| | | | | |

प्रमाणित गर्नेको सहि.......